# परिशिष्ट ग

# साहित्यिक र अन्य पत्रिकाका सम्पादकीयहरू[२२]

**मासिक**

***आदर्शवाणी*** - नव प्रकाशको प्रभाव खास गरेर सर्वप्रथम छात्रवर्गमा पर्नु स्वाभाविक कुरो छ। यसैले प्रभावित भएर साधनको सम्पन्नता नहुँदा पनि आदर्श विद्यालयका छात्र-वर्गले आदर्श विद्यालय, विराटनगरबाट *आदर्श-वाणी* नामक मासिक पत्रिका प्रकाशित गर्ने कठिनतम् साहस गरेका हुन् (साउन २००९)।

***छात्रछात्रा*** - विराटनगरका धेरै पत्रपत्रिका उदाए-अस्ताए। विराटनगरजस्तो प्रगतिशील र औद्योगिक स्थानमा दुई चारवटासम्म पनि पत्रिका नचल्नु बडो दुखको कुरो हो। पत्रिकाको अभाव देखेर नै यो *छात्रछात्रा* नामक मासिक पत्रिका निकालिएको हो (असोज २०१६)।

***पारिजात*** - वर्तमान नेपाली साहित्य कुन गोरेटोबाट कसरी बग्दै गइरहेछ भन्ने कुरा समयले भन्दै जानेछ। तर यति भने किटान गरेर भन्न सकिन्छ प्रगति आशा गरिएजति अवश्य छैन। जहाँसम्म सम्भव छ- साहित्यलाई अरू क्षेत्रको प्रभावमा नपारी नैतिकताको सीमाभित्र रहेर सेवा गर्नु छ (वैशाख २०२५)।

***नेपाली माटो*** - यस सङ्गालोमा लेखक र पाठकका चौ चौको विचार बराबर राखिनेछ। ...हाम्रो हेराई लोभीको जस्तो छ पाठकहरूको कुरोमा। ...सजिलो र जनजिब्रामा खेलिरहेका शब्दहरूका प्रयोग गर्ने सल्लाह गर्छौं। ...ठाँट गर्नभन्दा हामी इमान्दारी र मिहनत उपर मरिमेट्छौं। यस्तै खालको छ यो "नेपाली माटो" (जेठ २०२६)।

***दर्पण*** - सृजना गर्ने कुरा जुनसुकै पनि कठिन छ र गर्न खोजे पनि लरतरो चालाबाट त झन् कठिन छ। *दर्पण* साहित्यका विभिन्न विधाहरू पाठक समक्ष ल्याउन प्रयत्नशील छ र छ साहित्य सृजनामा लागेका आत्मीयहरूको सेवा गर्न तत्पर। आफ्नै मात्र गन्थन गर्दा नमज्जा हुन्छ तथापि प्रसव कालदेखि नै यसले हुर्कने र फस्टाउने दिशामा सदा नै वेदना बोकेको छ। ...समाजको ऐना भनिने साहित्यलाई परिष्कृत बनाएर अझ आफू माझिँदै जाने दिशामा दर्पण दृढ निश्चयी छ। यो आफ्नो मार्गबाट विचलित हुनेछैन, चाहे हज्जारौं हजार डाँडाकाँडा नाघ्न परोस् वा राजमार्गबाट होइन काँडा र झाँडीयुक्त सानो गल्ली नै किन हिड्नु नपरोस् (कात्तिक-पुस २०३२)।

---

[२२] प्रस्तुत सम्पादकीयहरू पत्रिकाको प्रकाशन मिति अनुसारको क्रममा राखिएको छ।

***सिर्जना*** - *सिर्जना* एउटा यस्तो साहित्यिक मञ्च हो, जहाँबाट तपाईं संयमित भै सामाजिक न्यायको पक्षमा केही बोल्न सक्नु हुन्छ, जनतामा चेतना र जाँगर भरी दिन सक्नु हुन्छ । सामाजिक अपराधहरूलाई उदाङ्गो रूपमा पेश गर्न सक्नु हुन्छ । मर्यादाको सीमा उल्लङ्घन गरी खुल्ला सडकमा जसरी तपाईं नाङ्गै हिंड्न सक्नु हुन्न, *सिर्जना*मा पनि मर्यादाहीन भै लाजभांड बोल्न तथा विकृतिका कुराहरू फलाक्न तपाईं सक्नु हुन्न । साहित्य जनमुखी हुनुपर्छ भन्ने हाम्रो धारणा छ । ...हाम्रो साहित्यमा बहुसंख्यक जनताको आशा, आकांक्षा, सुक्ख-दुक्ख, स्वीकार-विरोध तथा चाहनाहरूको अभिव्यक्त गर्नु नै आजको हाम्रो काम हो (जेठ २०३६) ।

***विचार*** - प्रयोग र आधुनिकताका सन्दर्भमा जे जस्तो विवाद चलिरहेपनि हामीले लेख्न छोड्नु हुँदैन । हामीले जे लेख्छौं, देख्छौं र दिन्छौं त्यही प्रयोग हो । तर गाली, गलौज वा अश्लीललाई साहित्य र प्रयोग मान्न सकिँदैन । यति चाहिँ निर्विवाद हो कि लेखन धर्म आत्मविश्वासको एक प्रमुख अङ्ग हुनुपर्छ यसले शाश्वत् कुराहरूलाई कहिल्यै छोड्दैन । हामी तमाम लेखन धर्म र तिनका प्रयोगहरूलाई स्वागत र अभिवादन गर्छौं (असार-साउन २०३६) ।

***सौगात*** - यो वर्ष शुभ-अशुभ जे भएपनि साहित्यिक पत्रपत्रिकाका निम्ति भने राम्रै योग परेको रहेछ । वर्षौंदेखि टुहुराजस्ता भएर कुना पसी रोइरहेका पत्रपत्रिकाहरू यस वर्ष के नयाँ के पुराना ताँतीका थाक लागेका देखिन्छन् पुस्तक पसलहरूमा । *सौगात* पनि अपवाद बाहिर छैन । अहिले देखा परे जति सबै पत्रिकाहरू जाँगर देखाएर नियमित प्रकाशन भैरहन पाए भने साहित्य प्रेमी पाठक खुशी नहोलान् भन्न सकिँदैंन (असोज २०३६) ।

***कोशी प्रवाह*** - २०४६ सालको आन्दोलनबाट प्राप्त राजनैतिक हक अधिकारहरू खोसिँदै गएका छन् । कलम चलाउने लेखक र पत्रकारहरू बारम्बार जेलको बन्दी जीवन बिताउन वाध्य बनिरहेका छन् । ...कलमको माध्यमबाट देशलाई प्रतिगमन तथा दासताको जञ्जीरबाट मुक्त गराउने अभियानमा एकाकार बन्न चाहन्छौं (माघ २०५७) ।

***इन्फोसाइन्स*** - नेपालको सन्दर्भमा भने विज्ञान तोतेबोली बोल्ने बालकको रूपमा मात्र रहेको छ । यसले तर्क, निष्कर्ष र सिर्जनाको रूप धारण गर्न सकेको छैन । १९७७ सालमा नेपालमा पहिलो पाइला राखेको विज्ञान शिक्षा प्रजातन्त्रको पुनर्बहालीपश्चात् एस.एल.सी. स्तरमा अनिवार्य गरिए पनि र हाल नयाँ परिष्कृत पाठ्यक्रम लागू गरिए पनि अधिकांश विद्यार्थीहरूको दिमागमा थोपरिएको बाध्यतात्मक मानसिक बोझजस्तो देखिँदै आएको छ । ...धेरैजसो विज्ञान विषय पढ्ने विद्यार्थीहरूको मुख्य लक्ष र लालच भनेको सुगम रोजगार मात्र रहेको पाइन्छ । यो दुर्भाग्यपूर्ण तथ्य हो । विज्ञानलाई रोजगारको माध्यम मात्र होइन, प्रकृतिसँग साइनो गाँसिदिने माध्यमका रूपमा लिनै पर्छ ।

यिनै तथ्यहरूलाई मनन गरी पूर्वाञ्चलको नगरी विराटनगरमा विज्ञान विषयसँग सम्बन्धित शिक्षक, विद्यार्थी र अन्य सबैको साझा थलो साइन्स क्लब स्थापना गर्ने लक्ष्यको सुरुवातको रूपमा यो वैज्ञानिक मासिक प्रकाशनको सुरुवात गरिएको सहर्ष जानकारी गराउँदछौं (वैशाख २०५८) ।

## द्वैमासिक

***छहारी*** - यो कुरा निर्विवाद छ कि हाम्रो आधुनिक साहित्य अब खालि दूधे बालख नभएर टुकुटुकु हिंड्न पनि थालिसकेको छ । ...तर यी कुरा ख्याल गर्दागर्दै पनि अहिलेको अवस्थामा साहित्यिक जगतको विकासको गति साह्रै ढिलो भएको र कमजोरीहरूले सताइएको पाउँछौं । क्रान्ति अघि र त्यसको तुरुन्त पछि जति मौलिक उपन्यास, कहानी, कविता वा निबन्ध सङ्ग्रह पुस्तकाकारमा निस्किएका थिए, यता केही वर्षदेखि नगण्य झैं भइरहेछ... । ...यसको एउटा मुख्य कारण आजको देशको परिस्थिति हो, जसलाई हामी

"ग्लानि युग" भन्नसक्छौं । ...हाम्रो मुख्य भनाइ यो नैराश्य र रोकावटलाई खत्तम गरी अग्रसर हुन अहिलेसम्म खास गरेर निस्केका साहित्यको लेखोजोखो गरी हाम्रो साहित्यको दिशा-निर्देशन गरिइनु पर्दछ (साउन २०१५) ।

***प्रारम्भ*** - साहित्य विशाल वृक्ष हो, जसको छहारीमा जो पनि बस्न सक्तछन् । तर अहिले त्यो छहारीको दुरूपयोग गरिदैंछ, "कविता-क्रान्ति"को नाउँमा पार्टीको प्रचारहरू बोकेर देखा परेका नाराहरूलाई "साहित्यमा आस्था र विश्वास" राख्नेहरूले बुझिसकेका छन् । स्वच्छ, निर्मल, जनोपयोगी साहित्यको रचनामा "एकजूट" हुनुपर्ने बेलामा "पार्टीको पैसा"मा लेखिने स्तुतिवादी साहित्यको कुनै मूल्य नरहने कुरालाई इतिहासले प्रमाणित गरिसकेकै छ । राजनीतिको दिशा-निर्देशनमा लेखिने साहित्यलाई साहित्य होइन, "नारा", "पम्फलेट", "पर्चा" मात्र मान्ने कुरा सबैले स्वीकारेका छन् । हामी साहित्यले राजनीतिलाई दिशा निर्देश गरेको साहित्य लेखिनुपर्ने खाँचोमाथि जोड दिन्छौं (भदौ-असोज २०३६) ।

***ठेट्ना*** - हुन त साँच्चै भन्ने हो भने साहित्यिक क्षेत्रमा उपत्यकाबाहेक अन्य स्थानहरूभन्दा विराटनगर पछि नपर्ला । पुराना ख्यातिप्राप्त पत्रपत्रिकाको अगाडि लजाउँदै भएपनि प्रथम अङ्कको रूपमा पाठकहरूसमक्ष हामीले *ठेट्ना* प्रकाशित गरेका छौं । ...पुल्पुल्याएको छोरोभन्दा हप्कीदप्की गरेकै इलमी र सज्जन हुने हुँदा यस पत्रिकालाई पाठकसामु आउँदा नपुल्पुल्याई यसका गल्ती र कमजोरीप्रति पाठक महोदयहरूले झापड दिई फर्काईदिए यो पनि आफू फस्टाउने मौका पाउने थियो ...(पुस-माघ २०३६) ।

***संसार*** - *संसार*मा हाम्रो उद्देश्य - हामी आफ्ना लागि र *संसार*का पाठकका लागि ज्ञानार्जन नै रहेको छ । सोही उद्देश्य लिएर *संसार*को प्रकाशन प्रारम्भ गरिएको हो । ...श्रद्धेय पाठक र लेखकहरूको सहयोगपूर्ण सल्लाह प्राप्त हुन सके आभार व्यक्त गर्दै *संसार*का अनेक उत्तरित, अनुत्तरित प्रश्नहरू औ अनेक समस्या र तिनको समाधानार्थ विद्वान् मनीषीहरूद्वारा नूतन, पुरातन, ज्ञान, विज्ञान, प्रसङ्ग, कला, साहित्य-विषय समावेश गरी *संसार*लाई रोचक बनाउने प्रयास रहने छ (फागुन-चैत २०३६) ।

***नागबेली*** - व्यवधानका बादलले ढाकेर यतिन्जेल यहाँहरूको स्नेहबाट ओझेल हुन परेको पीडा चिसो बालुवामाथिका पाइतालाका आला डोब भएर हामीभित्र कोरिएको छ । विविध कारणवश यस अङ्कदेखि *नागबेली* विराटनगरबाट प्रकाशन हुने व्यहोरा अवगत गराउँदै बसाइं सरेर हामीले आफ्नो यात्रा प्रारम्भ गरेका छौं (पुस-माघ २०४५) ।

***सोलोई*** - यस विश्व जगतमा विविध जातजातिहरूको उत्पत्ति भए पनि आजको एक्काइसौं शताब्दीमा आइपुग्दा धेरै जातिहरू विलिन भएर गए र अझ कतिपय जातिहरू लोप भएर जाने स्थितिमा छन्, त्यसरी नै नेपालको परिप्रेक्ष्यमा ६१ वटा जातजातिहरूमध्येमा तराइन आदिवासी धिमाल जातिहरू पनि कुनै पनि बेला लोप भएर जाँदैन भन्न सकिने अवस्था छैन । किनभने धिमालहरूको जातीय अस्तित्व नै संकटकालीन स्थितिमा आइपुगेको छ । प्रथमतः भाषा बचाउनु पर्‍यो । भाषा हराए साहित्य हराउँछ, साहित्य हराए संस्कृति हराउँछ, संस्कृति हराए संस्कार हराउँछ, संस्कार हराए धर्म हराउँछ, धर्म हराए जाति हराउँछ र जाति हराए हामी आफैं हराउँछौं । तसर्थ, भाषा बचाउनु आधुनिक सूचनाले धिमालहरूलाई सुसूचित गर्ने र धिमाल जातिभित्रका सिर्जनशील युवा व्यक्तित्वहरूलाई राष्ट्रिय रूपमा चिनाउन यो *सोलोई* पत्रिकाको प्रकाशन सुरु गरिएको छ (कात्तिक २०५७) ।

**त्रैमासिक**

***सोझो बाटो*** - साहित्यमा पनि रसहीन भयो भने कोलबाट पेलेर निकालेको खोइलोजस्तै सारहीन हुन्छ, साहित्य भनिँदैन । ...कुन भाषा कति विकसित छ भनेर नापजोख गर्ने यन्त्र हो- साहित्य । भाषा जतिजति विकसित हुन्छ, त्यस भाषाको साहित्य पनि त्यत्ति नै

विकसित र पउल हुँदै जान्छ... । ...खासगरी खोजपूर्ण लेखलाई प्रथम स्थान दिइन्छ । यहाँहरूले यतातिर बाटो सोझ्याइ दिनु भयो भने हामी पनि *सोझो बाटो*लाई टेढिन दिँदैनौ (भाद्र २०१७) ।

***देउसी*** - साहित्यको सेवा गर्ने ध्येयलाई अङ्गाली कन यस *देउसी* पत्रिकालाई पाठकगण समक्ष ल्याइएको छ । देउसी भन्ने शब्द नै राष्ट्रियताको रङ्गमा चुर्लुम्म डुबिएको छ, यो सबैमा विदितै भएको हो, सुखद समृद्धिको सन्देश नै *देउसी* हो (असोज-मङसिर २०२३) ।

***गुराँस*** - *गुराँस*मा नाना किसिमका रचना पुष्पको समाहार छ । विद्यार्थीहरूको शैक्षिक स्तरको अभिवृद्धि होस्, यिनको हृदयमा देशभक्ति र राजभक्ति अङ्कुरित होस् र मौलाओस् एवं रसज्ञ पाठकवृन्दको पनि मनोविनोद गर्न सकोस्, केही ज्ञान विज्ञानका कुरा तिनलाई बोध गराउन सकोस् भन्ने अभिप्रायले प्रस्तुत सामयिक साहित्य सँगालो जनसमक्ष ल्याउने प्रयाससम्म गरेका छौं (जेठ २०२५) ।

***थुम्को*** - कथाप्रधान पत्रिकाको अभावलाई मनन गरी सो पूर्तिको लागि *थुम्को* (कथैकथाको तीन महिने) पत्रिका प्रकाशन सुरु भएको छ । कथाप्रधान पत्रिकाको अभावलाई पूरा गर्न साहित्यिक पत्रिकाले बेला-बेलामा कथा विशेषाङ्क, कथा अङ्क भनेर बराबर निकालिरहेका छन् । यतिले नै सन्तुष्टि होला भन्न सकिदैंन ? यही पाराले कथा साहित्यको पूर्ण रूपले विकास हुन सक्छ होला...? निरर्थक भएपनि यसपट्टि ध्यान दिनु आवश्यक छ । दुई खुट्टा दुईटा डुंगामा राखेर नदी तर्ने कल्पनालाई त्याग्नु पर्छ । यही बानीको विरोधमा आफ्नै किसिमको सर्वश्रेष्ठ कथैकथाको तीन महिने *थुम्को* पत्रिका कथा साहित्यको विकासलाई टेवा दिन कथा साहित्यलाई अझ गतिशील बनाउन निस्किरहेको छ । कथाप्रधान पत्रिका कोशी अञ्चलको लागि सर्वथा नौलो छ वा यसैलाई *(थुम्को)* जेठोको संज्ञा दिए पनि हुन्छ । कोशी अञ्चल मात्र होइन अधिराज्यभरि नै कथाप्रधान पत्रिकाको खडेरी लागेको छ (जेठ २०२७) ।

***मधुविन्दु*** - साहित्यले कुनै एक देशको समाज, सोचाई, भाषा र अभिव्यक्तिलाई व्यक्तिकरण गर्दछ तापनि प्रत्येक देशकै एक प्रकारका कृति जम्मा भएर विश्वको पाठच आगारलाई ज्ञेय सामग्री दिन्छ । समाज कल्याणोन्मुख साहित्यले विश्व मानव र उस्का कल्याण छेकाबार लाउंदैन र ऊ सबैको हुन्छ । यसरी हामी एक साहित्यिक कृतिबाट अनेक साहित्यिक संसारसँग आवागमन, मेलमिलाप, आदानप्रदान र सुसम्बन्धन कायम राखी आउँछौं (असोज २०३०) ।

***प्रतिष्ठा*** - हामी नारीहरू राजनीतिको जालामा अधिक जेलिन पुगेका छौं र अल्झिरहेका छौं । हामीलाई राजनीतिक सुधारभन्दा सामाजिक सुधारको बढ्ता आवश्यकता छ भन्ने कुरापट्टि हाम्रा अग्रजहरूको ध्यान नगण्य रूपमा मात्र गएको भए पनि त्यतापट्टि बढ्ता चासो भने लिइएन । ...हाम्रो देशका झन्डै ६० लाख आधा जनसङ्ख्याको दीन अवस्थालाई उपेक्षा गर्नु भावी सन्ततिप्रति अन्याय गर्नु हुन्छ । यसै परिप्रेक्ष्यमा विचार गरी हामीले विशुद्ध सामाजिक सुधारको पवित्र भावनाले उत्प्रेरित भएर "नारी कल्याण प्रतिष्ठान" विराटनगरको स्थापना गरेका छौं । सामाजिक सुधार भन्नाले नेपाली नारीहरूमा व्याप्त अशिक्षा, आर्थिक परावलम्बन र कुरीतिहरूको निवारण गर्नु हो भन्ने हाम्रो लक्ष्य छ । प्रतिष्ठानका कार्यकलापहरूको जानकारी गराउन र उपयोगी पाठचसामग्री दिने उद्देश्यले आफ्नो मुखपत्रको रूपमा तीन महिने *प्रतिष्ठा* ...प्रकाशित गर्न थालेका छौं (मङ्सिर-माघ २०३६) ।

***कदर*** - साहित्यलाई राजनीतिको हतियार बनाउनु राम्रो कुरा हैन । आज केही लेखकहरूले साहित्यलाई जुन रूपमा प्रयोग गरिरहेका छन् त्यसले साहित्यको स्तरलाई एकदम गिराएको छ । ...यसैले आफ्नो उत्तरदायित्व वहन गर्न केही रहरले, केही पीरले कर्म क्षेत्रमा उत्रिएका छौं (फागुन २०३६) ।

***धारा*** - यसको सामर्थले भ्याएसम्म जसरी होस् । विभिन्न उच्चकोटिका तरङ्गहरूलाई राखेर समाजको वास्तविक संवेदनशीलतालाई अघि बढाउने क्रममा यसले प्रयास गर्ने छ (पुस २०४२) ।

***अठोट*** - *अठोट* हाल हेटौडाबाट विराटनगरतर्फ लागेको छ । ...विराटनगर नेपाली साहित्य क्षेत्रमा एउटा महत्त्वपूर्ण स्थान राख्दछ । नेपालको प्रमुख औद्योगिक नगरको साथै साहित्यकार तथा साहित्यप्रेमीहरूको गढ रहेको हुनाले यहाँ पत्रिका सञ्चालन गर्नमा राजधानीको नाकमुनि रहेको हेटौडामा भन्दा केही हदसम्म सजिलो पनि पाइयो (जेठ-कात्तिक २०४३) ।

***प्रतिष्ठान*** - भाषा, साहित्य, कला, संस्कृति एवं ज्ञानविज्ञान भनेका राष्ट्रिय अस्तित्वका आन्तरिक स्रोतहरू हुन् । जुन राष्ट्रमा यी स्रोतहरूको अजस्र प्रवाह रहन्छ त्यो राष्ट्र अतीव गौरवशाली मानिन्छ । राष्ट्रिय मर्यादाको समुत्थान र सम्बर्द्धनका निमित्त उपयुक्त विषयहरूमा सदैव सेवा पुऱ्याउनु राष्ट्रसेवकहरूको परम दायित्व हुन आउंछ । यसै दायित्वबोधलाई आत्मसात् गर्दै पूर्वाञ्चल साहित्य प्रतिष्ठानको स्थापना गरिएको हो । यस प्रतिष्ठानको उद्देश्य उपर्युक्त विषयहरूको अनुसन्धान, प्रबन्धन र प्रकाशन गर्नु अनि सिर्जनामूलक कृतित्वलाई प्रकाशमा ल्याउनु हो । साहित्यका माध्यमबाट सामाजिक अनुहारको अवलोकन गर्न सकिने वातावरणको सिर्जना गर्नु र त्यसको संरक्षण गर्नु पनि प्रतिष्ठानका लक्ष्यसँग सम्बन्धित छन् । यसै उद्देश्य वा लक्ष्य प्राप्त गर्दै लैजाने क्रममा प्रतिष्ठानको मुखपत्रका रूपमा *प्रतिष्ठान* नामक पत्रिकाको प्रकाशन गर्न आरम्भ गरिएको हो (मङ्सिर-पुस-माघ २०४३) ।

**वार्षिक**

***प्रकाश*** - यो पत्रिकाको प्रकाशनको मुख्य उद्देश्य विद्यार्थीहरूलाई बौद्धिक विकासमा सहायता पुऱ्याउनु र साहित्यतर्फ अघि बढ्ने मौका र रुचि समान रूपले प्रदान गर्नु हो (मङ्सिर २०१६) ।

***दूबो*** - भाषा, साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि अलिकति भए पनि टेवा पुऱ्याउने उद्देश्यले स्थापित नेपाली साहित्य समाज, उर्लाबारीले प्रकाशन भनेर उठाएको यो पहिलो पाइलो हो । यस संस्थाको उद्देश्य यस भेगबाट पनि राष्ट्रिय स्तरका स्रष्टाहरू जन्माउन नवोदित युवा पुस्ताको प्रतिभालाई प्रोत्साहित गर्नु हो (२०५६) ।

**सामयिक**

***सुसेली*** - स्वान्तः सुखाय मात्र साहित्य हो भनेर साहित्य शब्दलाई रुढी बनाउन सकिंदैन... त्यसैले सहभाव या हितसहितको भाव नै साहित्य हो भनेमा मात्र साहित्य शब्दको व्युत्पत्ति ठीक हुन्छ । ...नेपाली भाषामा धेरै नै पत्रपत्रिका देखिएका छन् । जति पनि देखिएका छन् सबैजसो छ्यासमिसे एउटैमा कथा, कविता, निबन्ध, लेख आदि खांदिएका । विशुद्ध एउटै विषय लिएर निस्केकामा कथामा त्यत्ति थाहा छैन, कवितामा भने *इन्द्रेणी, कविता* र *उजेली* र निबन्धमा *नेपाली* देखिएका छन् । तिनीहरूकै पंक्तिमा बस्न जान यस *सुसेली*ले पनि मसक्क कम्मर कसिरहेछ (वैशाख २०१९) ।

***सप्तकोशी*** - आजभोलि सम्पादकीय लेख्नु खेलबाड जस्तो भइरहेछ... पत्रपत्रिका निक्लन जति बल पर्छ उति नै प्रसार र प्रचारमा बल पर्दछ । किनेर पत्रपत्रिका पढ्ने, सहायता दिएर हुर्काउनेभन्दा सित्तै पढ्ने र हँसी र हाँसोमा पत्रपत्रिकालाई उडाई बन्द गराउने भलाद्मीहरूको सङ्ख्या धेरै छ (असोज २०२०) ।

***फूलबारी*** - यता केही वर्षदेखि नेपाली साहित्यको विकासमा निक्कै सम्भावनाहरू देखा पर्दै आइरहेका छन् । हाम्रो साहित्य काव्य, कथा, निबन्ध, नाटक, समालोचना, अन्वेषण, लोकसाहित्य र संस्कृतिको फूलबारी हुनाले हास्य, व्यङग्य, वीर, रौद्र इत्यादि नवै रसले

सेचन गरी यसको स्याहार सुसार गर्नु सबै किसिमका साहित्यकारहरूको आवश्यकता र कर्तव्य समेत हो भन्ने विचारले पनि यो अभियान सुरु गरिएको हो (माघ २०२२) ।

***सामयिक साहित्य*** - विराटनगरमा स्वयम् साहित्यभित्र अनेक नवीन प्रयोग भैरहेको बेला साहित्यिक गतिविधिलाई उही एउटा परम्परामा सीमित राख्नु निश्चय नै क्रियाशीलताको लक्षण होइन । यसमा पनि केही संशोधन र नौला-नौला उपायहरूको अवलम्बन गर्नेतर्फ ध्यान दिनु आवश्यक छ । तसर्थ अव उप्रान्त साहित्यिक सम्मेलनहरूमा पुस्तक, कलम इत्यादि पुरस्कार दिने परम्परामा केही संशोधन गर्दै रचनाहरूको प्रकाशन गर्ने क्रममा पहिलो प्रयोगस्वरूप प्रस्तुत सँगालो प्रकाशित गरिएको हो (असोज २०२४) ।

***हातेमालो*** - साहित्यको जीवनसँगको तादात्म्यलाई भुलेर कहिले पनि हामी कुनै संस्थागत रूपमा बाँधिन सक्तैनौं । जीवन जसरी भोगिन्छ त्यसको भोगाइसँगै यौटा अनुभव हुर्केको हुन्छ । त्यो अनुभवलाई त्यही रूपमा अभिव्यक्त गर्नु नै यथार्थोन्मुख साहित्यको प्राथमिक लक्षण हो । आज हाम्रो साहित्य जुन रूपमा नयाँ-नयाँ परिप्रेक्षमा उत्रिनु पर्ने हो त्यसो भएको पाउँदैनौं । हामीलाई यथार्थमुखी पार्नुको सट्टा पेरिसको वारतिर औंल्याउनेको सङ्ख्या धेरै छ । ...समूह सचेत हुँदैन, हुन थालेपछि समय लाग्दैन । आज हामीमा यौटा भोक लागेको छ- भोक - समूहको भोक, हामी एकत्रित हुन चाहन्छौं । हामी त्यस्ता प्रवृत्तिको विरोध गर्न चाहन्छौं जसले हामीलाई थिचोमिचो नै मीठो मान्न लगाउँछ । यो विरोध साहित्यमा प्रगतिको नयाँ आयाम खोज्ने, विकासको नौला गोरेटो पैलाउने रूपमा देखा परेको छ । यौटा हुर्हुराउँदो भुङ्गो भरेर अभिव्यक्त हुन थालेका छन् मान्छेका सोचाइहरू । यस्तै अभिव्यक्ति र सोचाइलाई मर्न नदिन, तिनीहरूलाई समुचित मार्ग प्रदर्शन गर्न, यस्तै यस्ता विचारका नयाँ प्रतिभाहरूलाई एक जूट हुन र आफूमा भएको विशाल शक्ति अनुभूत गराउन हामी लम्केका छौं । यसैको क्रममा हामीले हाम्रा प्रयासहरूलाई जनसमक्ष राख्न खोजेका छौं - पुस्तकाकारमा (तिहार २०२५) ।

***ऐंसेलु*** - यो सङ्गालोको नाउँ *ऐंसेलु* रहेपनि “ऐंसेलु” जत्तिको स्वादिलो रत्न होला भन्न सम्पादकको मुख लाग्दैन तर गोडमेल र मलजलले फल सप्रने कुरो निर्विवाद छ । ...प्रकाशनको कुनै नियत समय नराखी वर्ष दिनमा तीन-चार जति सङ्गालो निकाल्न सकिन्छ, निकाल्ने अठोट राखिएको छ (असोज २०२६) ।

***प्रज्ञा-पृष्ठ*** - *जनवार्ता*ले एक जुगदेखि पाठकहरूको अटूट सेवा गर्दै आएको कुरा सबैमा विदितै छ । ...तर समाचार प्रधान हुनु परेकोले यस मार्गमा त्यत्रो प्रगति हुन सकेन, जति हुनुपर्थ्यो । यस खाँचोलाई पूरा गर्नको लागि हामीले *जनवार्ता*लाई दैनिक तुल्यायौं र पनि वैचारिक र साहित्यिक फेटमा धितमर्दो प्रगति भएको हामीलाई लागेन । ...वैचारिक र साहित्यिक फेटमा अरू पनि केही थप योगदान गरौं भन्ने अभिप्रायले यो *प्रज्ञा-पृष्ठ* निकालिएको हो (कात्तिक २०२६) ।

***संकल्प*** - *संकल्प* शिक्षक साथीहरूको चोखो पसिनाबाट विशाल उद्देश्य लिएर पाठकहरूको समक्ष देखा परेको छ । उद्देश्य विशाल छ भन्दैमा हामी उफ्रिदैनौं । ...प्राथमिक पाठशालाका शिक्षकहरूको के को मान भाउ ? उनीहरूले गरेको प्रयास पनि प्रयास हो र ? यस्तै विचार खेल्दछ आजका बुद्धिजीवीहरूको मथिङ्गलमा... (पुस २०२६) ।

***काफल*** - राष्ट्रिय जागृति क्लब राष्ट्र गौरवका कार्यहरू गर्न र राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता र आर्थिक शोषणबाट मुक्ति प्राप्त गर्न गरिएको सङ्घर्षहरूमा कहिल्यै पछि हट्ने छैन र नेपाली भेषमा विदेशी मखुण्डो भिर्ने राष्ट्रद्रोही देशबेचुवाहरूको भर्त्सना गर्दछ । ...*काफल* राष्ट्रिय जागृति क्लबको प्रयास तपाईंहरूको सामु छ । यति राख्न पाएकोमा हामी हर्षित छौं (जेठ २०२७) ।

***मुना*** - देश विकासमा पत्रपत्रिकाको के कति महत्त्व छ त्यो भनिरहनु पर्दैन । खास गरेर साहित्यिक विषयवस्तुका आधारमा प्रकाशन हुने पत्रिकाले समयसुहाउँदो साहित्यिक प्रगतिमा निकै योगदान दिँदै आएको छ... । ...जनता हाइस्कूलको आफ्नै एउटा विशेषता छ र त्यो हो राष्ट्रिय भावनाको प्रचार । यसै स्कूलका विद्यार्थीहरूको प्रयासबाट प्रकाशित भएको पत्रिका हो- *मुना* । *मुना* वास्तवमा मुना नै छ (असोज २०२७) ।

***मैथिली*** - आजुक युगमे जाहि भाषाक अपन साहित्यक परम्परा एवं विकासक सम्भावना हो, ओकर अपन अस्तित्व छैक । मैथिली नेपालक एकटा प्राचीन भाषा थिक । जे एखनो बड पैध भू-भाग मे बाजल, पढल आ लिखल जाइछ । मैथिली नेपालक जीवन्त भाषा सभा मे एखनो अपन विशिष्ट महत्त्व राखैछ । जनिका नेपालक इतिहासक पृष्ठभूमिमे कर्णाट, मल्ल, ओइनवार, द्रोणवार, सेन आदि राजवंशक राजकीय सम्मान से हो प्राप्त भेलनि । नेपालक आन आन भाषाक सँगे मैथिली के वर्तमान सरकारो द्वारा महत्त्व प्रदान कयल गेल अछि । मुदा राष्ट्र भाषा नेपालीक संवर्द्धनक हेतु मैथिलीक विशेष संरक्षणक आवश्यकता बुझना जाइछ । कारण, राष्ट्र भाषाक संवर्द्धनक हेतु क्षेत्रीय भाषा सभक विकास अनिवार्य मानल जाइछ (मङ्सिर २०२७) ।

***कन्दरा*** - मनुष्यको जन्म १० मैनामा हुन्छ तर राम्रो साहित्यकारको जन्म १० वर्षमा पनि सम्भव छैन । मानव बच्चोको पनि सम्हार, सुसार र संरक्षण भएन भने बालक, युवा र बुज्रुक हुन सक्तैन । त्यसरी नै साहित्य र साहित्यकारको...संरक्षण तत्कालै गरिदिन सक्नुपर्छ (फागुन २०२७) ।

***मकालु*** - साहित्य समाजको ऐना हो भन्ने कुरो निर्विवाद छ । हाम्रा मुटुमा आफ्नो साहित्यप्रति स्नेह रहुन्जेल हामी साहित्यको सेवा गर्न पनि सक्दैनौं । यदि कसैले गरिहाले पनि त्यो केवल साहित्यिक भनाउन खोजेको मात्रै हो । साहित्यिक हुं भन्न जत्तिको सजिलो छ उति छ सेवा गर्न गाह्रो (जेठ २०२८) ।

***फेवा*** - *फेवा* नाम भन्ने निकै कौतुहल हुनसक्छ । साहित्यमा प्रकृति, जनजीवन र संस्कृति तीनैको आनुवंशिक तादात्म हुन परम्परा र नयाँ नामको जग बसाल्नेतर्फ दिशाबोधको लागि *फेवा* साहित्यजस्तै गहिरो र रमणीयताको बोध गराउने अर्थमा जन्मेको र नामले पनि स्थायित्व आउनेछ भन्ने सन्दर्भमा जन्मेको हो । ...केही साहित्यमा कृतित्व र उमेरले अग्रज र युवकहरूको प्रतिनिधित्व गर्न सोहाउने सल्लाहकार तथा साहित्यिक युवकबन्धुका आवश्यकतानुसार राष्ट्रियता, देशप्रेम र सांस्कृतिक उत्थानका लागि *फेवा* जन्मिएको हो (जेठ २०२८, प्रकाशक्यौली) ।

***बरगाछी*** - देशको सबजसो भागबाट साहित्यिक-सांस्कृतिक प्रकाशनका स्वतः स्फूर्त प्रयत्नहरू रोजिन्दै देखिँदैछन् । यी प्रयत्नहरूमा शाश्वत एवं स्थायी मूल्यका कृतिहरू अङ्कैपिच्छे खोज्दै हिड्ने पाठक वा समीक्षकहरू संभव छ निराश हुनन् तर अन्ततः लामो ऐतिहासिक सन्दर्भ र परिप्रेक्ष्यमा यस्ता प्रकाशनको अद्वितीय महत्त्व हुन्छ भन्ने कुरामा दुई मत नहोला । प्रस्तुत सङ्कलनको सम्पादनमा भविष्यका निम्ति पनि हामीले एउटा स्पष्ट दृष्टिकोण राखेका छौं । जहाँ हामी एकातिर स्तरीय लेख, समीक्षा, चिन्तनका प्रकाशनार्थ उत्सुक छौँ भने अर्कातिर नितान्त नयाँ कविताहरूको, लेखहरूको प्रतिनिधित्व पनि होस् भन्ने हाम्रो सचेत धारणा छ (दशैं २०२८) ।

***विकास*** - साहित्य सङ्कलन भन्नु नै आफ्नो साहित्य, राष्ट्रिय भावना, राष्ट्रिय भाषालाई सुदृढ बनाउनु हो, सोही कुरालाई ध्यानमा राखी हामी *विकास* नामक पत्रिका (सामयिक सङ्कलन)... प्रस्तुत गर्दैछौँ (असोज २०२८) ।

***शंखध्वनि*** - साहित्यिक रसास्वादनको निमित्त *शंखध्वनि*को प्रथम हुंकार तपाईंको हातमा छ जसले बाल-हृदयलाई प्रस्फुटित गर्नमा मद्दत गर्नेछ । प्रथम प्रयास हुँदा अनेकौं भूलहरू भए होलान् सुझाव पाएमा आगामी हुंकारदेखि सुधार गर्नेछौं (पुस २०२८) ।

***जमरा*** - सङ्कलनको नाम *जमरा* भन्दा शाब्दिक अर्थलाई सुहाउने मुहूर्त भएन भन्न मनलाग्छ तर धेरैको विचार यसैमा भएकोले हाम्रा राष्ट्रिय *जमरा*लाई नेपाली जनताको आफ्नो आत्माले चिताएको प्रजातन्त्रको उपलब्धि र निरंकुश राणाशाहीमाथि विजय प्राप्त गरेकोले र मिल्स एरियाको शैक्षिक क्षेत्रमा यही स्कूलले विजय प्राप्त गरेकोले प्रजातन्त्र दिवसकै उपलक्ष्यमा *जमरा* सहर्ष समर्पण गरेका छौं (फागुन २०२८) ।

***किरण*** - ...हाम्रो देशमा साहित्य जतिसुकै धेरै भएपनि अभाव नै भएको देखिन्छ र जतिसुकै साहित्यिक भएपनि नपुग्ने भएकोले यस कुरालाई हामीहरूले ध्यानमा राखी आज हामी *किरण* नामक पत्रिका... प्रस्तुत गर्दैछौं (वैशाख २०२९) ।

***मुनाल*** - साहित्य केवल साहित्यको लागि ह्वैन न नै गतिछाडा कल्पनाको लागि हो । फेरि अर्को शब्दमा स्पष्ट्याउनै पर्छ भने साहित्य मेरो आत्मतृप्तिको लागि ह्वैन जनताको तृप्तिका लागि हो । त्यसैले बत्तीमुनिको अँध्यारो ठाउँमा जिउँदै जलिरहेका अनेकौं अकालको काल देखेर छापिन पुगो यो - *मुनाल* खोजीमेली । यस मेलीमा खास गरेर नयाँ साहित्यकारहरूको लेखनी नै धेरजसो बटुलबाटुल गरेको छु (वैशाख २०२९) ।

***दिव्यश्री*** - नेपाली साहित्यको सेवा गर्ने अठोट गरी सर्वप्रथम हामीले *दिव्यश्री* सामयिक सङ्कलन गोजिका पत्रिका प्रकाशित गरेका छौं । यसले कतिसम्म सफलता प्राप्त गर्ला भन्ने कुरा भविष्यले नै बताउनेछ । साहित्यलाई नाना थरीका संज्ञाले विभाजित गर्नु ठीक होइन । साहित्य स्वतन्त्र रूपको हुनुपर्छ । यसलाई समानताको घेराभित्र बाँध्नुको साटो पूर्णरूपले खुला छाडिनु पर्दछ (असार २०२९) ।

***सपना*** - हाम्रो नेपाली समाजमा जतिसुकै साहित्य र साहित्यकार भएतापनि उत्कृष्ट साहित्यको कमी सबैले अनुभव गरेकोले हाम्रो प्रथम प्रयास "*सपना*" (सामयिक साहित्यिक सँगालो) पत्रिकाले त्यो कमीलाई जहाँसक्दो पूरा गर्ने आशा लिएर प्रस्तुत गरेका छौं । नेपाली साहित्यको सेवा गर्ने र आजको वैज्ञानिक युगमा पनि अझै बाँकी रहेको नेपाली समाजको कुरीति र रुढिवादीपन हटाउने सपना हामीले देखेका छौं, - हेरौं हाम्रो सपना कहाँसम्म साकार हुने हो (असोज २०२९) ।

***बालमञ्जरी*** - यो नेपाली भाषाकी कान्छी छोरी हो । विचरी पुड्की, पातली र मसिनी भएपनि यसको बोली मीठो छ, यसको मनमा कुनै पाप छैन, झरनाजस्तै सङ्ली छ । जोबनले परिपूर्ण भएपनि यसलाई कुनै खोट लागेको छैन । कसैका घर जान पोई खोजेकी छे । उसलाई जोई हुन रहर छ । त्यसैले तपाईं यसलाई लैजानुहोस् । काम सकेर बेलुका सुत्ने बेलामा सुखदुःखका साउती मार्ने छ । माया लगाएर तपाईंका मनका चिन्तालाई उडाइ दिनेछ (असोज-कात्तिक २०२९) ।

***अपुङ्गो*** - साहित्य सेवा सबैको अधिकार र कर्तव्य हो । यो कसैको पेवा तथा ठेक्का पनि त होइन । यसो हुँदा *अपुङ्गो* खिसिटचुरी घोक्रे टिकाटिप्पणी रीस डाही इबी चाकडी र खुशामतको विरुद्ध जन्मिएको छ । ...साहित्यलाई माया गर्नेहरूले पत्रिकाको प्रकाशनलाई मात्र होइन । साहित्य स्रष्टालाई पनि उत्तिकै ध्यान राख्नु पर्दछ । पत्रिकाबाट वचेका रकमहरू साहित्य र साहित्यकारको भलाईको लागि खर्च गरिन्छ भने औ गरिने व्यवस्था हुन्छ भने मात्र साहित्य सेवा गरेको ठहर्ने छ । नत्र सम्पादक तथा प्रकाशकले साहित्य र साहित्यकारलाई शोषण गरेको मानिनेछ । ...पत्रपत्रिकाका प्रकाशनबाट आएको आम्दानी साहित्य र साहित्यकारको भलाई गर्ने परम्परा वसिदिन्छ भने सरकारले पनि आर्थिक सहयोग गर्नुपर्दछ । सरकारले आफैँ आर्थिक सहयोग गर्न नसके उद्योगी, व्यापारी तथा साहुमहाजनलाई आर्थिक सहायता गर्न कर तथा अनुरोध गरिदिन त सक्छ । किनकि अचेल विज्ञापन सबैले पाउँदैनन् । तिनै सम्पादक र उनका सहयोगीले मात्र पाउंछन् जो बोलबाला छ त्यो नभए विज्ञापनदाताको आफ्नो मान्छे छ (फागुन २०२९) ।

***वास्तविकता*** - हाम्रो समाज अनि हाम्रो साहित्यलाई तराजुमा तौलिए एकापट्टि ढक अवश्य थप्न पर्छ । किनकि हाम्रो साहित्य केवल भव्य अट्टालिकाको चार दीवारहरूमा सीमित भइदिएको छ । यो सत्य हो । हजारौं झोपडीहरूमा त हाम्रो साहित्यको गन्ध पनि पुग्न सकेको छैन । अर्को कुरा के भने हाम्रो साहित्यमा हिजआज धेरै मात्रामा थोत्रो कोरा नारा अनि सस्तो कल्पनाको उडान सिवाय अरू केही पाईंदैन ।

यो वैज्ञानिक युगमा केवल झुठो नारा र कल्पनाले मात्र हामीलाई पुग्दैन । न त हामीलाई भावुकताकै आवश्यकता छ । हामीलाई त वास्तविकताको खाँचो छ । सत्य गोरेटोको खाँचो छ । यस पत्रिकाले यसैको खाँचो पूर्ति गर्ने असफल प्रयास गर्दै समस्त पाठक वर्गको हातको तातोपनालाई भेट्न आइरहेछ (पुस २०३०) ।

***महेन्द्र मोरङ आदर्श क्याम्पस बुलेटिन*** - समाजलाई विकासको मार्गमा द्रुततर गतिमा बढाउनको लागि सामाजिक उपकरणहरूको नवीकरणको ठूलो आवश्यकता पर्दछ । यस कटुसत्यलाई अनेकौं तीता अनुभवहरूबाट गुज्रिएको हाम्रो देशले केही सालयता आएर हृदयङ्गम गरेझैं छ । ...आफ्ना पुराना अभ्यासलाई शमन गर्दै देश हितको लागि नयाँ शिक्षा योजनाका रूपमा चालिएको अभूतपूर्व पाइलोलाई अधिराज्यका अन्य उच्च शिक्षा केन्द्रहरूले झैं हाम्रो महेन्द्र मोरङ आदर्श क्याम्पसले पनि स्वागत गरेको छ ।

प्रस्तुत बुलेटिन नयाँ शिक्षा योजनाका अनुसार शिक्षाको अभिन्न अङ्ग मानिएको पाठ्यांशेतर गतिविधितर्फको एउटा पाइलो हो (फागुन २०३१) ।

***मुक्ति*** - हामीले अठोट गरेका छौं कि यो *मुक्ति* रचना सङ्कलनमा भरिसक्य अस्पृश्य भनेको के हो, अस्पृश्य जाति कसरी कहाँबाट आए, अस्पृश्यतालाई भावनात्मक रूपले समाजबाट उन्मूलन गर्ने उपाय के हुन् ? आदि कार्यमा जोड दिई यो सामाजिक रोगलाई क्रमशः धराशय बनाउने विचार लिएका छौं (२०३२, प्रकाशकीय) ।

***Management Reporter***– This is our first attempt. We would like to express our deep sense of gratitudes to all, who helped us in any way bringing this magazine out. We know, mistakes are but natural.

In 1977, the Institute of Business Administration, Commerce and Public Administration up–graded the courses of studies in Certificate and Diploma level programmes are designed as self–terminating and thereby aim at importing a basic and advanced knowledge in various aspects of Business Administration and Commerce. Of course, these programmes also provide ample opportunities to the students to develop academic background necessary for higher level studies in Business Administration and Commerce... (2034).

***आँकुरा*** - *आँकुरा* हाम्रो प्रयास मात्र हो । विराटनगर जस्तो प्रबुद्ध ठाउँबाट एउटै पनि स्तरीय साहित्यिक पत्रिका प्रकाशित नहुनु दुःखलाग्दो मात्र होइन, लाजमर्दो पनि हो । त्यसैलाई ध्यानमा राख्दै वार्षिक मुखपत्रको लेबिल टाँसेर पनि यसलाई हामीले साहित्यिक बनाउने चेष्टा गरेका हौं (वैशाख २०३५) ।

***साइत*** - नयाँ वर्ष २०३६ लाई जन्मतिथि पारेर जन्मेको यस *साइत*ले साहित्यिक क्षेत्रमा एक नौलो अध्यायको रूपमा थपिने जमर्को गरेको छ । साहित्यिक सेवालाई नै आफ्नो धर्म र कर्तव्य ठान्ने यसले अठोट गरेको छ । मोफसलमा बसेर साहित्यिक पत्रिका निकाल्नु भालुको कन्चट हुन्छ । काठमाडौंलाई मात्र नेपाल सम्झने केही उपत्यकाली साहित्यकारले उपेक्षा गरेपनि हामी साहित्यिक विकासको निम्ति दृढ छौं (वैशाख २०३६) ।

***नवागन्तुक छचल्काहरू*** - आजका बालबालिकाहरू भोलिका कर्णाधार तथा राष्ट्रका कर्मठ नागरिक हुन् । आजका बाल जमातले स्वस्थ तथा स्वच्छ वातावरणमा हुर्कन पाएको खण्डमा हाम्रो भोलिको समाज विकास क्रममा सवल जनशक्तिको रूपमा स्वतः सृजना

हुनसक्ने कुरा निर्विवाद छ । ...यस बाल विशेषाङ्कले बालबालिकामा साहित्यप्रतिको अभिरुचि तथा उनीहरूको मानसिक विकास क्रममा यथेष्ट योगदान पुऱ्याउन सक्ने छ भन्ने तथ्यमा हामी आफू आशान्वित रहेका छौं (असार २०३६) ।

***आवेग*** - सडक कविता क्रान्ति ? कस्तो कार्यक्रम हो बुझ्न सकिएन । सडकमा कविता पाठ गर्दैमा क्रान्ति हुन्छ र... ? जहाँसम्म मैले बुझेको छु "सडक कविता क्रान्ति" वा चोक, गल्ली, सडकका आवाजहरू भनेर जुन कार्यक्रम देशमा विभिन्न भागमा भइरहेको छ, यो हास्यास्पद सिवाय अरू केही होइन । यसले साहित्यको मर्यादालाई चकनाचुर पार्ने सिवाय अन्य कुनै उपलब्धि दिएको छैन । ...राष्ट्रिय जनमत सङ्ग्रह गरिने घोषणा भएपछि सुरु भएको यस कार्य क्रममा निर्दलीय पक्षबाट बहुदलीयको र बहुदलीय पक्षबाट निर्दलीय पक्षको जुन तल्लो स्तरको भाषाबाट साहित्यको सीमालाई नाघेर गालीगलौज र आलोचना गर्ने अभियान चलेको छ, यसले भोलिको साहित्यलाई कुन रूपमा प्रस्तुत गर्ला- विचारणीय कुरा छ (भदौ २०३६) ।

***ज्ञान-दीप*** - *ज्ञानदीप* आदरणीय पाठकको हातमा प्रस्तुत छ । हुन त स्वदेश र विदेशबाट नेपाली पत्रपत्रिका पर्याप्त मात्रामा उदाउँदै र अस्ताउँदै नगरेका होइनन् तापनि नेपाली वाङमयमा नवीनतम् विचारधाराको प्रतिनिधित्व युगसुहाउंदो किसिमले भएको छ भन्न सकिने स्थितिमा नभएकोले यो नयाँ प्रकाशन गर्न आजको सन्दर्भमा आवश्यकता महशूस गरेका छौं ।

नवीन विचारधारा भन्नाले परम्परा कायम भैसकेको सिद्धान्तको विपरीत जाने हाम्रो उद्देश्य कदापि होइन । हामी त चाहन्छौं - के साहित्य, के धर्म, के दर्शन, के कला वा के संस्कृति सबैमा आजको युग अनुसार परिवर्तनको आवश्यकता छ, आज यस्तो ज्ञानको ज्योति फैलाउनु परेको छ, जसबाट परम्परागत आवश्यकीय तत्व सँगाल्दै लाने मात्र होइन, अनावश्यक परम्परागत कुतत्वबाट नेपाली वाङमयलाई जोगाई नवीन विचारधारा फैलाउँदै जान सकियोस् (कात्तिक २०३७) ।

***तोक्मा*** - नयाँ मान्यताको स्थापनामा, पुराना परिपाटीको विरोधमा न्याय र प्रगतिको शुभकामनाहरूमा धेरै कम मात्र लेखिएका फाट्टफुट्ट रचनाहरू बोकेका पत्रपत्रिका बाहेक आज लुटाहा र चुसाहाहरूकै पक्षमा निस्किरहेका छन् (पुस-माघ २०३८) ।

***Nepalese Development Studies*** - एक बहुबिषयक एवं अनुसन्धानमुखी जर्नल प्रकाशित गर्ने हाम्रो धेरै अघिदेखिको इच्छाको व्यावहारिक रूप हो - यो सङ्कलन । नेपालको विकास-प्रयासका विविध पक्षबारे विवेचना र छानवीन गर्ने दिशातर्फ यो प्राज्ञिक प्रयासले सानै भएपनि यौटा सही पाइला चाल्न सकोस् भन्ने हाम्रो चाहना छ । प्राज्ञिक अभ्यास भनेको निरन्तर चलिरहने प्रक्रिया हो र हामी पनि यस अभ्यासमा निरन्तर क्रियाशील रहने छौं (नोभेम्बर १९८५) ।

***हौली*** - आदिवासीहरूको जीवनको सबभन्दा कमजोड पक्ष हो युगलाई नचिन्नु र त्यसअनुसार पाइला नचाल्नु । यसकारणले गर्दा उनीहरू विकासको दौडमा पछि पर्दछन् । फलस्वरूप उनीहरू युगको चुनौतीलाई सामना गर्न असमर्थ हुन्छन् । उनीहरूको आर्थिक दशा कमजोड भई भाषा, साहित्य, संस्कृति, कला-कौशल आदि लोप हुन थाल्दछन्, जुनकि कुनै पनि मुलुकको राष्ट्रिय धरोहर हो । ठीक यही स्थिति आज नेपालको आदिवासी थारु जातिको छ । मेचीदेखि महाकालीसम्मको तराई क्षेत्रमा बस्ने विशाल जनसङ्ख्या भएको थारु जातिको भाषामा केही मात्रामा स्थानीय फरक पाइएता पनि सम्पूर्ण "थरुवट"को सांस्कृतिक मौलिकता एउटै हो । यो जाति आफ्नो पोशाक, पहिरन, गहना-गुरिया, लवाई-खवाई, भाषा-साहित्य, संगीत, जीवन-शैली र कलाकौशलको लागि अत्यन्त समृद्ध छ । तर

जस्तो कि आदिवासीहरूको दुर्भाग्य हुन्छ- उनीहरू दिनदिनै आफ्नो पहिचान, मौलिकता गुमाउँदै जाँदैछन्, थारुहरूको स्थिति पनि यसभन्दा भिन्न छैन ।

कुनै पनि देशले आफ्नो भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धन अवश्य नै गरेको हुन्छ । यसैकारण राष्ट्र-राष्ट्रको माझ सांस्कृतिक आदान-प्रदानको चलन छ । प्रत्येक जातिको भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने कुराबारे संयुक्त राष्ट्रसङ्घको चार्टरमा पनि उल्लेख छ । तर वास्तवमा यस क्षेत्रमा सरकार र व्यवस्थाद्वारा पर्याप्त प्रयास हुँदाहुँदै पनि सम्बन्धित जातिहरूको स्वप्रयास बिना यसको समुचित संरक्षण र सम्बर्द्धन हुन सक्तैन । त्यसैकारणले हामीले यस पत्रिकाद्वारा यस क्षेत्रमा एउटा सानो प्रयास गरेका छौँ ...। यस पत्रिकाको नाम *हौली* राखिएको छ, जुनकि थारु जातिको विशेष चलन हो । यस्को शाब्दिक अर्थ हो..."कुनै पनि सुकर्मलाई स्वेच्छा तथा सामूहिक रूपले हर्षोल्लासको साथ गर्नु ।" ...आज थारु जातिलाई मात्र होइन, नेपालका समस्त आदिवासी, जनजाति तथा पिछडिएको वर्गलाई आजको युगको वर्तमान परिस्थितिहरूको सामना गर्न तथा राष्ट्रिय योगदान दिन लायक बनाउनकोलागि राष्ट्रिय स्तरमा *हौली*को आवश्यकता छ (२०४२) ।

***विचयन*** - सामान्य तथा असामान्य प्राप्ति झैँ मानिसको पनि विभेद हुन्छ । जीवन दृष्टि शरीर प्राप्तिले मात्र सार्थक बन्दैन । मानव दर्शन हुनुपर्छ जुन अभिव्यक्तिले त्यसमा जीवन्तता दिन सक्छ । *विचयन* अभिव्यक्ति हो, ती यावत् कुराहरूको जो जो यहाँ छन् । ...*विचयन*भित्र हामी छौँ, तपाईं हुनुहुन्छ - यसका पखेटा छैनन्, प्वाँखहरू पनि छैनन्, यो उड्न सक्दैन- हाम्रो माथिमाथि आकाशमा तर उभिन सक्छ आफ्नै परिवेशको जगबाट सगरमाथा भएर । ...स्वतन्त्र लेखन साहित्यकारको गौरव हो, उसको प्रतिष्ठा विभूषण हो । ...साहित्य - राजनैतिक व्यापारबाट अलग राखिनु पर्छ । ...साहित्य अलग्गै साधन सीप र आफ्नो परिवेशमा बाँच्न सक्छ, त्यसैले बाँच्न पाउनु पर्छ (असोज-मङ्सिर २०४८) ।

***विभूति*** - कुनै पनि कुराको धरातल हुन्छ, टुप्पाबाट पलाएको के हुन्छ र ? धरातल अर्थात् फेदबाट विभिन्न पहलु पार गरेर कुनै पनि कुरा अगाडि बढ्ने हो । त्यसलाई ख्याल गरी आफ्ना गतिविधि सञ्चालन गर्नु मानवको कर्तव्य पनि हुन आउँछ (पुस २०५४) ।

**अन्य**

***सिर्जना*** - यो *सिर्जना* जनवादी पत्रिका पनि आफ्नो विशेषताको ज्वाला बोकेर जनसमक्ष पहिलोपल्ट देखा परेको छ । यो स्वतन्त्र अभिव्यक्तिको मानसिक प्रतिबिम्ब हो । यसमा जनवादी विचारहरू झल्किने छन् (मङ्सिर पहिलो पक्ष २०३६) ।

***सयपत्री*** - *सयपत्री* पत्रिकाले बहुसंख्यक जनतामाथि गरिएको दमन, शोषण, अन्याय, अत्याचार र उत्पीडनको विरोध गर्दै उनीहरूको न्यायपूर्ण जुझारु सङ्घर्षलाई समर्थन र सहयोग गर्न *सयपत्री* आफ्नो नैतिक जिम्मेवारी ठान्दछ । *सयपत्री* संसारभरिका र तेस्रो विश्वका न्यायपूर्ण जनताको मुक्ति आन्दोलनलाई दृढ समर्थनको सङ्कल्प गर्दछ । ...नेपालको शान्ति क्षेत्रको प्रस्तावलाई नेपाली जनजीवनका दैलो-दैलोमा पुऱ्याएर सो प्रस्तावसम्बन्धी प्रस्तावलाई अवगत गराउनका साथै अन्तर्राष्ट्रिय क्षेत्रको यो प्रस्तावलाई अझ व्यापक प्रचारप्रसार गर्नु *सयपत्री* पत्रिका आफ्नो नैतिक जिम्मेवारी ठान्दछ (असोज २०३७) ।

***आँशु*** - राष्ट्र नै समस्याको खाडलमा जकडिएको अवस्थामा जन्मिन पुगेको *आँशु*ले सम्पूर्ण जनताको आवश्यकता र धारणा बोक्न नसकेता पनि विविध समस्याहरू समेटेर अघि बढाउने हाम्रो प्रयास रहनेछ । ...केही साहित्यिक, केही सांस्कृतिक, केही विविध कुराहरू प्रकाशन गर्ने *आँशु*को लक्ष्य हो (साउन २०३९) ।

***कमला*** - चौदहम शताब्दीक आरंभ सँ अखन धरिक नेपालीय मैथिलीय साहित्यक इतिहास कहैत अछि नेपाल विना मैथिली साहित्यक चर्चा अपूर्ण रहत । ...अन्तर्राष्ट्रिय जगत मे चलि रहल वर्तमान शताब्दीक जनताक हित हेतु संघर्ष जकाँ नेपाल मे सेहाँ २०४६ साल फाल्गुण ७ गते सँ चैत्र २५ गते धरि (१८ फरवरी ९० सँ ७ अप्रैल ९० धरि) ४९ दिनक समय निरंकुशता क विरुद्ध नेपाली जनताक स्वतन्त्रता, प्रजातन्त्र एवम् मानव अधिकार हेतु संघर्षक चरमोत्कर्ष समय छल । ... नेपाली जनता विजयी भेल अछि (१९९०) ।

***हिमाली*** - साहित्य जनताका लागि हो र जनता समस्त प्रगति र न्यायका मुहान हुन् । देश र समाजलाई सुरक्षित र सुसंगठित पार्ने पनि जनता नै हुन् भन्ने कुरामा हामी विश्वस्त छौं । ...४९ दिनको भीषण संघर्ष र यातनाको शिविरबाट गुज्रदैं नेपालमा स्वतन्त्रताको वातावरण ल्याउने तिनै नेपाली जनतालाई नववर्षको शुभकामनासँगै उज्ज्वल भविष्यको कामनाका साथ यो अङ्क समर्पित गर्दछौं (वैशाख-असार २०४७) ।